# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८१।०८।१८ गते।

## प्रेस विज्ञप्ति

**विषयः** प्रतिवादी ओमकार प्रसाद न्यौपानेसमेत रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाटः

- **प्रतिवादीहरु रामधुनी नगरपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत ओमकार प्रसाद न्यौपाने, लेखा अधिकृत द्वारिका प्रसाद दाहाल, इन्जिनियर देबेन्द्र नारायण चौधरी र सव-इन्जिनियर हर्षलाल चौधरीलाई** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) वमोजिमको कसूरमा बढी भुक्तानी दिएको रकम रु.२,१२,०७३।५८ बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कैद एवं जरिवाना गरी बिगो रकम असुल उपर हुन, साथै प्रतिवादीहरु ओमकार प्रसाद न्यौपाने, देबेन्द्र नारायण चौधरी र हर्षलाल चौधरीलाई गलत प्रतिवेदन दिने कार्य गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिम गलत प्रतिवेदन दिने कसूर गरेकोले निजहरुलाई सोही ऐनको दफा १९ को उपदफा (२) वमोजिम कैद र जरिवाना हुन,
- **प्रतिवादीहरु रामधुनी नगरपालिकाका तत्कालीन उपप्रमुख सविना कुमारी चौधरी, वडा नं. ३ का तत्कालीन वडा अध्यक्ष राजकुमार चौधरी, वडा नं.३ का तत्कालीन वडा सदस्य (नगर कार्यपालिका सदस्य) टिकालक्ष्मी श्रेष्ठ र योजना शाखाका सहायक पाँचौ तहका सुनील कुमार चौधरीलाई** स्थलगत अनुगमनका क्रममा निर्माण कार्य सम्पन्न नहुँदै कार्य सम्पन्न भएको भनी माइन्यूट गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिम गलत प्रतिवेदन दिने कसूर गरेकोले निजहरुलाई सोही ऐनको दफा १९ को उपदफा (२) वमोजिम कैद र जरिवाना हुनसमेत मागदावी लिइएको ।
- **प्रतिवादी जालपा सिद्ध निर्माण सेवा, पकली सुनसरीका प्रोप्राइटर नानु कुमारी निरौला (बस्नेत)लाई** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) वमोजिम कसूरमा रु.२,१२,०७३।५८ बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) वमोजिम सजाय गरी बिगो जफत हुन,

मागदावी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा विशेष अदालतले निम्न आधारमा मिति २०८०।१२।१५ को फैसलाबाट सफाई दिएको-:

क) आयोगको टोलीबाट खडा भएको स्थलगत मुचुल्कामा रामधुनी मन्दिर जाने मूल सडकको पहिलो घुम्ती (१७० मिटर) सम्म र चेनेज ०+५८८ बुध नारायण चौधरीको घरदेखि चेनेज ०+९७६ (दचकिचा खोला सम्म) सम्झौतामा उल्लेख भए बमोजिमको मर्मत कार्य गरेको भनी तत्कालीन जनप्रतिनिधी र स्थानीय समेतको भनाई रहेको भनी उल्लेख भएको र सो कुरा वादीकै साक्षीसमेतको बकपत्रबाट पुष्टि भईरहेको अवस्थामा प्रतिवादीहरुले सम्झौता बमोजिमको कार्य नगरी कार्य सम्पन्न प्रतिवेदन पेश गरी नभएको कामको समेत भुक्तानी लिएको भन्ने वादी दाबी पुष्टि हुन नसकेको ।

ख) प्रतिवादीहरुका साक्षीले रामधुनी मन्दिर जाने बाटोको गेटबाट बुधनारायण चौधरीको घर सम्म करिव ६८० मिटर सडक पिच भएको, आयोगले रामधुनी जाने बाटोको दोश्रो मोडबाट नापी गरेकोले ५८८

मिटर मात्र कालोपत्रे भएको देखिएको हो भनी गरेको बकपत्र समेतबाट प्रतिवादी जिकिर समर्थित भएको देखिएको।

विशेष अदालतको उपरोक्त फैसलाउपर आयोगलाई चित्त नबुझी देहायबमोजिमका आधार लिई सम्मानित सर्वोच्च अदालतमा मिति २०८१।०८।१८ मा पुनरावेदन गरिएको छः-

**देहायः**

क) रामधुनी नगरपालिकाको कार्यालयबाट प्राप्त नापी किताब र कार्य सम्पन्न प्रतिवेदन तुलना गर्दा ८.४६ घनमिटर कम (घटी) पाईएको सम्बन्धमा निज प्रतिवादीहरुले मौकाको बयानमा कुनै अन्यथा दावी जिकिर नलिएको, प्रतिवादीहरुमध्ये हर्षलाल चौधरी र देवेन्द्र नारायण चौधरी प्राविधिक कर्मचारीहरु रहेकामा निजहरुले नै स्थलगत नापजाँच सम्बन्धी सम्पूर्ण कागजात पेश गरेको स्वीकार गरेको। अदालत समक्ष स्थलगत नापजाँच तथा प्राविधिक प्रतिवेदनमा उल्लेख भएको स्थलगत नापजाँचको पहिलो चेनेज ०+००० जहाँ मानिएको छ, त्यो यस योजना अनुसार कार्य भएको सुरु बिन्दु होईन, आयोगले नापजाँच सुरु गरे भन्दा १७० मिटर अगाडीबाट कार्य सुरु गरिएको छ भनी पछि कसूरबाट उन्मुक्ती पाउने कलुषित मनसायबाट व्यक्त गरेको भनाईलाई प्रमुख आधार मानी मिशिल संलग्न प्रमाणलाई वेवास्ता गरी प्रतिवादीहरुलाई आरोपित कसूरबाट सफाई दिने ठहरी भएको फैसला प्रमाण विवेचनाको रोहमा त्रुटिपूर्ण भएकोले बदरभागी रहेको।

ख) स्थलगत नापजाँच गर्दा भए गरेको कार्यको परिमाण नापी किताब र कार्य सम्पन्न प्रतिवेदन भन्दा ८.४६ घनमिटर कम पाईएको देखिंदा देखिंदै प्रतिवादीहरुका साक्षीहरुको बकपत्रलाई प्रमुख आधारमानी वैज्ञानिक प्रमाणको रुपमा रहेको स्थलगत नापजाँच प्रतिवेदनलाई अनदेखागरी प्रतिवादीहरुलाई आरोपित कसूरबाट सफाई पाउने ठहरी भएको फैसला त्रुटिपूर्ण भएकोले बदरभागी रहेको।

ग) रामधुनी नगरपालिका, सुनसरीका तर्फबाट अधिकार प्राप्त प्रमुख प्रशासकिय अधिकृत ओमकार प्रसाद न्यौपाने र जालपा सिद्ध निर्माण सेवा, सुनसरीका सञ्चालक नानु कुमारी बस्नेतको बीचमा भएको कालोपत्रे सडक निर्माण सम्बन्धी सम्झौता र लागत ईष्टिमेटमा समेत मर्मत हुने सडकको नाम तथा व्यहोरामा रामधुनी गेटबाटै कालोपत्रे गर्ने भन्ने स्पष्ट यकिन गरिएको नदेखिएको, मिति २०७९।५।२ गतेको स्थलगत अनुगमन निरीक्षण तथा नापजाँच मुचुल्कामा रोहवरमा बसेका जालपा सिद्ध निर्माण सेवाका निर्माण व्यवसायीका प्रतिनिधि, ईटहरी-१७, सुनसरीका सरोज बस्नेत तथा जिल्ला सुनसरी रामधुनी नगरपालिका वडा नं. ३ का तत्कालीन वडा अध्यक्ष समेतले स्थलगत मुचुल्कामा रामधुनी गेटबाट रामधुनी मन्दिर जाने मूल सडकको पहिलो घुम्ती (१७० मिटर) पश्चिमबाट मात्र नापजाँच गरेको बिषयमा अन्यथा उल्लेख नगरेको, प्रतिवादीहरुले मौकाको बयानमा उक्त स्थलगत अनुगमन निरीक्षण तथा नापजाँच मुचुल्का तथा प्रतिवेदकले पेश गरेको स्थलगत नापजाँच तथा प्राविधिक प्रतिवेदनमा उल्लेखित नापजाँचको सम्बन्धमा अन्यथा भनेको समेत नदेखिएको भन्ने व्यहोरालाई वेवास्ता गरी आरोपित कसूरबाट सफाई दिने ठहरी भएको फैसला प्रमाण विवेचनाको रोहमा त्रुटिपूर्ण भएकोले बदरभागी रहेको।

घ) प्रतिवादीहरुमध्ये सब-ईन्जिनियर हर्षलाल चौधरी र ईन्जिनियर देबेन्द्र नारायण चौधरीले स्थलगत रुपमा नापजाँच गरी नापी कितावमा काम गरेको परिमाण चढाउने काम गरेको र निर्माण व्यवसायीले पेश गरेको बिल सही छ छैन चेकजाँच गरी कार्यसम्पन्न प्रतिवेदन तयार गरेको भन्ने मौकामा तथा अदालत समक्ष गरेको बयान व्यहोराबाट देखिएको, प्रतिवादी ओमकार प्रसाद न्यौपानेले प्राविधिक प्रतिवेदनलाई अन्यथा भन्न नसकि सो प्रतिवेदन समेतको आधारमा भुक्तानीको लागि स्वीकृत गरेको भन्ने समेत व्यहोरा मौकामा तथा अदालत समक्षको बयानमा स्वीकार गरेका, प्रतिवादी द्वारिका प्रसाद दाहालले प्राविधिक प्रतिवेदन

समेतको आधारमा पेश भएको कागजात भुक्तानीको लागि स्वीकृत गराई भुक्तानी दिएको हो भन्ने समेतको मौकामा तथा अदालत समक्षको बयानमा उल्लेख गरिदिएको, प्रतिवादीहरु सविना कुमारी चौधरी, राजकुमार चौधरी, टिकालक्ष्मी श्रेष्ठ र सुनिल कुमार चौधरीले अनुगमन तथा मूल्यांकन समितिमा रही कार्य सम्पन्नको माईन्यूटमा हस्ताक्षर गरीदिएको हो भन्ने समेत व्यहोरा उल्लेख गरी मौकामा तथा अदालत समक्ष बयान गरिदिएका, साथै प्रतिवादी नानु कुमारी निरौला (बस्नेत) ले नगरपालिकाको प्राविधिक कर्मचारीहरुले तयार पारे बमोजिमको कार्य सम्पन्न प्रतिवेदन समेतको आधारमा बिलको भुक्तानी लिएको हो भनी मौकामा तथा अदालत समक्षको बयानमा उल्लेख गरिदिएको।

प्रवक्ता
नरहरि घिमिरे